# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

**केन्द्रीय कार्यालय (Central Office)**

**हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)**


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ जेष्ठ २७ गते

**सर्वोच्च अदालतको निर्देशनात्मक आदेश र अन्तरिम आदेशको समेत उल्लंघन गरी राज्यले जनताको सम्पत्तिको अधिकार हनन् गरेको भन्दै स्थानीय वासिन्दाद्वारा आयोगमा ध्यानाकर्षण**

काठमाण्डौं उपत्यकामा सडक विस्तारबाट पीडित भएका भनिएका स्थानीय वासिन्दा र तिनका प्रतिनिधिहरुले राष्ट्रिय मानव अधिकार आयोगमा आई सर्वोच्च अदालतको निर्देशनात्मक आदेश र अन्तरिम आदेशको समेत उल्लंघन गरी राज्यले जनताको सम्पत्तिको अधिकार हनन् गरिएको भनी ध्यानाकर्षण गराएका छन् ।

सम्मानित सर्वोच्च अदालतबाट मिति २०७२/९/२ मा शहरी क्षेत्रमा विकास निर्माण र सडक विस्तार कार्यक्रम लागू गर्दा कानुनले तोकेको प्रकृया पूरा नगरी, कानुन बमोजिम क्षतिपूर्ति नदिई एकपक्षीय रुपमा बाटो बिस्तारको लागि आवासीय घरहरुमा चिन्ह लगाउन र भत्काउन नहुने, कानूनको उचित प्रकृया पूरा गरी मुआब्जा वा क्षतिपूर्ति उपलब्ध गराए पछि मात्र व्यक्तिगत सम्पत्तिमा सार्वजनिक बाटो सडक निर्माण गर्न गराउन निर्देशनात्मक सहित अन्तरिम आदेश समेत जारी भएको छ ।

नेपालको संविधानको धारा २५ मा सम्पत्तिको हकलाई मौलिक हकको रुपमा प्रत्याभुत गरिएको छ भने धारा १२६ को उपधारा (२) ले अदालतको आदेशको पालना गर्नु सरकारी निकाय, व्यक्ति सबैको कर्तब्य हुने व्यवस्था गरेको सन्दर्भमा सर्वोच्च अदालतको आदेशको मर्म र भावना अनुकुल हुने गरी कार्य गर्न, गराउन तथा व्यक्तिको मर्यादित जीवन र आवासको अधिकारलाई सुनिश्चित गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी

सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाण्डौं, नेपाल